# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, साउन १ गते २०५६ साल (अतिरिक्ताङ्क १७ (ग)


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले हुलाक सेवा विभाग अन्तर्गत कार्यरत हल्कारा र हुलाकीहरूको निम्न अनुसार योग्यता र अनुभव तोकी नयाँ स्तर र तलबमान कायम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

(क) नयाँ स्तर र तलबमानः–

| हुलाकी | | तलब वृद्धि |
|---|---|---|
| प्रथम स्तर | २०५०।– | ६९।– |
| द्वितीय स्तर | २१८०।– | ७३।– |
| तृतीय स्तर | २३२५।– | ७८।– |

| हल्कारा | | |
|---|---|---|
| प्रथम स्तर | २१३०।– | ७१।– |
| द्वितीय स्तर | २२६०।– | ७६।– |
| तृतीय स्तर | २४०५।– | ८१।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) योग्यता र अनुभवः–

हुलाकी

प्रथम स्तर : साधारण लेखपढ गर्न जान्ने ।

द्वितीय स्तर : साधारण लेखपढ गर्न जान्ने भै हुलाकी प्रथम स्तरमा १० वर्ष स्थायी सेवा अवधि पूरा गरेको ।

तृतीय स्तर : साधारण लेखपढ गर्न जान्ने भै हुलाकी द्वितीय स्तरमा १० वर्ष स्थायी सेवा अवधि पूरा गरेको ।

हल्कारा

प्रथम स्तर : अष्टम कक्षा उत्तीर्ण ।

द्वितीय स्तर : अष्टम कक्षा उत्तीर्ण भै हल्कारा प्रथम स्तरमा १० वर्ष स्थायी सेवा अवधि पूरा गरेको र पछिल्लो २ वर्षको का.स.मू. कम्तीमा उत्तम रहेको ।

तृतीय स्तर : अष्टम कक्षा उत्तीर्ण भै हल्कारा द्वितीय स्तरमा १० वर्ष स्थायी सेवा अवधि पूरा गरेको र पछिल्लो २ वर्षको का.स.मू. कम्तीमा उत्तम रहेको ।

(ग) उक्त व्यवस्था लागू हुँदाका बखत कार्यरत हुलाकी तथा हल्काराहरू मध्ये दश वर्ष स्थायी सेवा अवधि पूरा नगरेकालाई प्रथमस्तरमा कायम गरी अनुभव र कार्यदक्षताको आधारमा पहिलो पटकलाई कम्तीमा दश वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई द्वितीय स्तरमा र कम्तीमा बीस वर्ष सेवा अवधि पूरा गरेकालाई तृतीय स्तरमा कायम गर्ने ।

आज्ञाले,
रामबिनोद भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६५८
मुद्रण विभाग